# शैलुङ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## काटाकुटी, दोलखा

## शैलुङ गाउँपालिकाको नीति तथा कार्यक्रम

आ.व. २०८१/०८२

**शैलुङ गाउँपालिकाको गाउँसभाको १५ औँ अधिवेशनमा गाउँसभा समक्ष गाउँपालिकाका उपाध्यक्ष श्री पार्वती कार्कीज्यूबाट प्रस्तुत आर्थिक वर्ष २०८१।०८२ को नीति तथा कार्यक्रम**

**गाउँसभाका सदस्यज्यूहरु,**

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट मुलकको चौतर्फी विकासको आंकाक्षा पूरा गर्न नेपालको संविधान बमोजिम स्थानीय निर्वाचन पश्चात स्थानीय सरकारको दोस्रो कार्यकालको सुरुवातसँगै विभिन्न विषय क्षेत्रसँग सम्बन्धित सरोकारवाला तथा शैलुङ वासीहरुको अमुल्य सुझावहरुको सहयोगमा तयार गरिएको शैलुङ गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को वार्षिक नीति तथा कार्यक्रम यस गरिमामय गाउँसभा समक्ष प्रस्तुत गर्न पाउँदा गौरबको अनुभूति गरेको छु।

यस अवसरमा समाजको आमूल परिवर्तन र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनासम्मको विभिन्न कालखण्डका राजनीतिक आन्दोलन, संघर्ष र क्रान्तिहरुमा आफ्नो अमूल्य जीवन अर्पण गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति उच्च सम्मानका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। ती आन्दोलनहरुको अग्रपंक्तिमा रहेर नेतृत्व गर्नुहुने अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु। मुलुकको राजनीतिलाई संघीय शासन प्रणालीसहितको लोकतान्त्रिक गणतन्त्रको यस स्वरुपमा ल्याउन महत्वपूर्ण योगदान गर्नुहुने अग्रज एवं घाइते योद्दाहरु तथा बेपत्ता नागरिकहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु।

**गाउँसभाका सदस्यज्यूहरु,**

अब म यस सम्मानित सभासमक्ष चालु आर्थिक वर्षसम्म हासिल भएका मुख्य मुख्य क्षेत्रगत उपलब्धिहरुको समिक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**आर्थिक प्रशासन तर्फ**

आ.व. २०८०/८१ को शैलुङ गाउँपालिकाको कुल बजेट रू ६१ करोड त्रिसठ्ठीलाख ४८ हजार रहेकोमा हाल सम्म सङ्घीय सरकार, प्रदेश सरकार र गाउँपालिकाको आन्तरिक स्रोत गरी ४६ करोड ४८ लाख ९७ हजार १ सय ५० रुपैयाँ ५० पैसा प्राप्त भएको छ । जुन कुल आय प्रक्षपणको ७५.४२ प्रतिशत रहेको छ भने १५ करोड १४ लाख ५० हजार ८ सय ४९ रुपैयाँ ५० पैसा गाउँपालिकाको संचित कोषमा सङ्घीय सरकार प्रदेश सरकार र आन्तरिक स्रोतबाट बाट आम्दानि हुन बाँकी रहेको छ ।

चालु आ.व. को चालु तर्फ ३६ करोड ५८ लाख ३६ हजार विनियोजन भएकोमा हाल सम्म २३ करोड ९२ लाख ९० हजार ७ सय ४७ रुपैयाँ ०२ पैसा खर्च (६९.१९%) भएको छ। पुँजीगत तर्फ २७ करोड ५ लाख १२ हजार विनियोजन भएकोमा हाल सम्म ११ करोड ९७ लाख ५४ हजार ३ सय ३० रुपैयाँ ५७ पैसा(४४.२७%) खर्च भएको छ। यसरी चालु र पुँजीगत दुवै गरी ३५ करोड ९० लाख ४५ हजार ७७ रुपैयाँ ५९ पैसा (५८.२५%) खर्च भएको छ। आन्तरिक राजश्व तर्फ गाउँपालिकाको कार्यालय तर्फ ४ लाख ९५ हजार १ सय ६६ रुपैयाँ, १ न. वडा कार्यालयबाट ३ लाख १८ हजार ९३ रुपैयाँ, २ नं. वडा कार्यालयबाट २ लाख ७५ हजार ६ सय ३ रुपैयाँ, ३ नं. वडा कार्यालयबाट ७ लाख १२

हजार ६ सय ९२ रुपैयाँ, ४ नं. वडा कार्यालयबाट ५ लाख ५१ हजार ३ सय १३ रुपैयाँ, ५ नं. वडाबाट ४ लाख १४ हजार ५ सय १३ रुपैयाँ , ६ नं. वडा कार्यालयबाट ५ लाख ६० हजार ५३ रुपैयाँ र ७ नं. वडा कार्यालयबाट ६ लाख ४५ हजार ४ सय २ रुपैयाँ र ८ नं. वडा कार्यालयबाट ७ लाख ४७ हजार ७ सय १५ रुपैयाँ गरी कुल ४७ लाख २० हजार ५ सय अन्ठाउन्न रुपैयाँ राजश्व संकलन भएको छ।

**पूर्वाधार विकास तथा सार्वजनिक निर्माण तर्फ**

हाल यस गाउँपालिकामा ठेक्का मार्फत सञ्चालन भइरहेको योजना जम्मा १६ वटा रहेको छ। जसमा खानेपानी तर्फ ४ वटा, सडक तर्फ ५ वटामा २ वटा सम्पन्न भएको, भवन (अस्पताल) तर्फ १ वटा, अन्य पर्यटन पूर्वाधार (शैलुङ मिनि ग्रेट वाल) तर्फ १ वटा सम्पन्न भएको, अन्य पूर्वाधार(गाउँपालिका ग्राउण्ड व्यवस्थापन र ७ नं. वडा कार्यालय भौतिक व्यवस्थापन) तर्फ २ वटा, झालुङगे पुल स्टिल पार्टस खरिद तर्फ १ (५ वटा झो.पु.को लागी) वटा सम्पन्न भइसकेको, तारजाली खरिद तर्फ १ वटा सम्पन्न भइसकेको, सोलार बत्ति विस्तार १ वटा रहेको अवस्था छ।

त्यसै गरी उपभोक्ता समितिबाट कार्यान्वयन हुने आयोजना तथा कार्यक्रम १८७ ओटा मध्ये हाल सम्म सम्पन्न भएका योजना १४९ ओटा रहेको छ सो मध्ये १२३ ओटा योजनाको भुक्तानी भएको छ भने ३८ ओटा योजना अन्तिम चरणमा पुगेको छ । यस बर्ष ठेक्का तथा उपभोक्ता समितिबाट कार्यान्वयन भएका योजना मध्ये ११,३७५ मि. ढुङ्गाको सोलीङ, १००४६ मि सडक चौडा तथा स्तरोन्नति, ५२५ मि. सडक ढलान, १०,०८६ मि. नयाँ ट्र्याक खोल्ने कार्य, २६५ र.मि. ह्युम पाईप व्यवस्थापन, ३०० घ.मि. मेशिनरी वाल, १३०७ घ.मि. ग्याविन जाली, ५४६ मि. पक्कि नाला, खानेपानी पाइप वितरणबाट ३४३ घर धुरी लाभान्वित, ३४३ घर धुरीमा एक घर एक धारा निर्माण कार्य सम्पन्न भएको छ। पूर्वाधार साझेदारी तर्फ लिभिङ वाटर नेपाल संगको साझेदारीमा वडा नं. ४ आहाले र विर्तामा २ ओटा तथा वडा नं. ८ भैंसेमा १ वटा समेत ३ ओटा खानेपानी आयोजना कार्यान्वयन भएको छ।

**सूचना संचार तथा प्रविधि**

९ ओटा माध्यमिक विद्यालयहरु, वडा कार्यालय र स्वास्थ्य संस्थाहरुमा इ हाजिरी जडान कार्य सम्पन्न भएको छ भने बाँकी विद्यालयहरुमा इ हाजिरी जोड्ने कार्य भइरहेको छ सामुदायिक विद्यालय , वडा कार्यालय र स्वास्थ्य संस्थाहरुलाई प्रविधि मैत्री बनाउन ल्यापटप कम्प्युटर र प्रिन्टरको व्यवस्थापन गरिएको छ। सार्वजनिक विद्यालय र अन्य स्थानलाई रात्रिकालिन समयमा पनि उज्यालो बनाउन सोलार बत्ति जडान कार्य भइरहेको छ सो कार्य यसै आ.व. भित्र सम्पन्न हुने अवस्थामा रहेको छ।

**कृषि विकास तर्फ**

आ.व. २०७९/०८० मा स्थापना भएको आलु पकेट कार्यक्रम निरन्तरता अन्तर्गत ४ ओटा कृषि समूह संग सम्झौता गरी ७ओटा मिनी टिलर १ ओटा आलु खन्ने मिनी टिलर, ५०० ओटा क्यारेट उपलब्ध गराइएको छ। किशान सूचीकरण कार्यक्रम अन्तर्गत यस बर्ष वडा नं. १ र वडा नं. ८ का १६०० कृषकलाई किसान सूचीकरणमा आवद्ध गरिएको छ । कृषक फिल्ड तालिम कार्यक्रम यस गाउँपालिकाको कार्यालयमा आवाशिय ७ दिने तालिम फलफुल सम्बन्धी २५ जना, तरकारी खेती सम्बन्धी २५ जना कृषकहरुलाई छनौट गरी तालिम कार्यक्रम सञ्चालन गरिएको छ त्यसै गरि मौरी पालन

तथा आवश्यक सामाग्री वितरण कार्यक्रममा २० जना कृषकहरुलाई एक हप्ते आवाशिय तालिम सञ्चालन गरी २२ वटा मौरी घार वितरण गरिएको छ।

सुन्तला जन्य फलफुलको औसा व्यवस्थापन कार्यक्रम कार्यान्वयनको लागी २०० लिटर प्रोटिन वेट खरिद गरि सुन्तला तथा सुन्तला जन्य खेती गर्ने कृषकहरुलाई वितरण गरिएको छ । यस आ.व. मा ८१ वटा गोला सहितको मौरी घार तथा ३९ वटा खाली मौरी घार वितरणको क्रममा रहेको छ। कृषि आधुनिकिकरण कार्यक्रम अन्तर्गत ३३ वटा मिनि टिलर ,५ वटा कम्बाईन मिल, ५ वटा थ्रेसर १ वटा तोरि पिन्ने मेसिन बोल पत्र मार्फत खरिदको प्रक्रियामा रहेको छ। मौसमी तथा बेमौसमी तरकारी उत्पादनको लागी प्लाष्टिक टनेलमा अनुदान कार्यक्रम अन्तर्गत वडा नं १, २, ३, ६, र ७ मा कृषकहरु सँग सम्झौता भई सकेको र जम्मा २२६ वटा टनेल घर स्थापना हुने भएको छ। मागमा आधारित अनुदान कार्यक्रम अन्तर्गत वडा नं ७ मा तरकारी खेती तथा ६०० केजी अदुवामा अनुदान उपलब्ध गराउन सम्झौता भई कार्यान्वयनमा रहेको छ । लक्षित वर्गको लागी तरकारी बीउ वितरण कार्यक्रममा ६ वटा समूह/ सहकारीहरु सँग सम्झौता गरी एकमुष्ठमा ६८० प्याकेट काउलीको बीउ, ४९० प्याकेट बन्दा, १४० बट्टा गाजर, २०० बट्टा मुलाको बीउ तथा ५० केजी केराउको बीउ ७५% अनुदानमा खरिद गर्नको लागी कृषक समूह सहकारी सँग सम्झौता कार्यान्वयनको चरणमा रहेको छ। यस आ.व. मा जैविक विविधता संरक्षण गर्ने उदेश्यले वडा नं ८ मा दुई वटा रिचार्ज पोखरी निर्माण गर्नको लागी कृषक समूह सँग सम्झौता भई कार्यान्वयनको अन्तिम अवस्थामा रहेको छ। माटोको गुणस्तर परिक्षणार्थ यस आ.व. वडा नं ८ मा शारदा माध्यमिक विद्यालयको सहयोगमा ४०० कृषकको माटो परिक्षण कार्य सम्पन्न भएको छ। शैलुङको आलु चिनारीको लागी यस आ.व. मा वडा नं ८ को श्री शैलुङ एकिकृत कृषि साना किसान कृषि सहकारी संस्था सँग लागत साझेदारीमा सम्झौता गरी २००० वटा ५० केजीको आलु बोरा, ६०० वटा ५ केजीको जुट झोला, ४२० वटा १० केजीको झोला गाउँपालिकाको लोगो सहित छपाई गरी वितरणको लागी सम्झौता भएको। आ.व. ०८०/८१ मा गाउँपालिकामा फलफुल आत्मनिर्भर बनाउने उदेश्यका साथ ३००० बोट सुन्तला, ९५० बोट कागती, ८० बोट जुनार र ४३० बोट एभोकाडोका बिरुवाहरु पुर्ण अनुदानमा वडा नं १, ५, ६ र ७ मा कृषकहरुलाई वितरण गरिएको छ। यस आ.व. मा कृषि बालीहरुमा लाग्ने रोग किरा नियन्त्रणको लागी हरेक वडाहरुमा विषादीहरु निशुल्क रुपमा उपलब्ध हुने गरी वितरण गरिएको छ ।

**पशुपन्छी विकास तर्फ**

रेविज खोरेत तथा अन्य रोग विरुद्ध खोप लगाउने कार्यक्रम अन्तर्गत ५७८ ओटा कुकुरमा रेविज विरुद्धको खोप, २७०० ओटा गाई, भैसी तथा बंगुरमा लम्पी स्किन , खोरेत विरुद्धको खोप, १३००० भेडा बाख्रामा PPR विरुद्धको खोप लगाइएको छ। नस्ल सुधारका लागि ब्याडका बोका/ रागा वितरण कार्यक्रम अन्तर्गत ६१ जना किसानलाई बोयर जातको बोका र रागा वितरण गरी नश्ल सुधारको कार्य अगाडी बढाईएको छ । खोरगोठ सुधार कार्यक्रम अन्तर्गत २१ जना किसान संग सम्झौता गरिएकोमा हाल सम्म १४ ओटा निर्माण कार्य सम्पन्न भएको र ७ ओटा निर्माण सम्पन्न गरिएको छ। गाई भैंसी सुत्केरी पोषण कार्यक्रम अन्तर्गत हाल सम्म ३७ जना कृषकलाई रू २५०० का दरले सुत्केरी पोषण भत्ता उपलब्ध गराई सकिएको छ भने ५७ जना कृषकको सुत्केरी पोषण भत्ता भुक्तानीको चरणमा रहेको छ।माछा

प्रवर्द्धन कार्यक्रम अन्तर्गत एक ओटा फर्मलाई ७५ % लागत साझेदारीमा पोखरी निर्माण गरी माछाका भुरा, दाना खरिद गरी वितरण गरिएको छ। गाउँपालिकालाई अण्डा उत्पादनमा आत्मा निर्भर गराउने कार्यक्रम अन्तर्गत ३ ओटा कृषकका पोल्ट्री फर्म संग सम्झौता गरी कार्य अगाडी बढाईएको छ। स्थानीय कुखुरा प्रवर्द्धन कार्यक्रम अन्तर्गत एक जना कृषक संग स्थानीय कुखुरा प्रवर्द्धनको सम्झौता कार्य गरिएको छ। नमूना फर्म स्थापना कार्यक्रम अन्तर्गत बिभिन्न फर्मलाई घासको विउं र खरी जातका बाख्रा वितरण गरिएको छ। यस बर्ष १३ ओटा गाई , २ ओटा भैंसी , २ ओटा बाख्रामा कृतिम गर्भाधान सेवा प्रदान गरिएको छ। त्यसै गरी कृषि पशुपन्छी तथा मत्स्य तथ्यांक अध्यावधिक कार्यक्रम अन्तर्गत यस वर्ष ८ ओटै वडामा उपलब्ध हिउँदे तथा बर्खे बालीको तथ्यांक लिई सफ्टवेयरमा इन्ट्री गरिएको छ। पशुपन्छीका लागि आवश्यक औषधि खरिद गरी निशुल्क वितरण गरिएको छ।

यस बर्ष ७५ जना पशुपन्छी पालक किसानहरुलाई ७ दिने पशुपालन सम्बन्धी क्षमता विकास तालिम संचालन गरिएको छ भने वडा नं. ८ र वडा नं. ४ का पशुसेवा प्राविधिकलाई गाउँपालिकाको खर्चमा कृत्रिम गर्भाधारण तालिममा छनौट गरी दक्षता अभिवृद्धि गरिएको छ । पशु सेवामा कार्यरत प्राविधिकहरुलाई आवश्यक उपकरण तथा सामग्री खरिद गरी हस्तान्तरण गरिएको छ।

**सहकारी तर्फ**

शैलुङ गाउँपालिका कार्यक्षेत्र रहेका बचत तथा ऋण, बहुउद्देश्यीय, कृषि, महिला सहकारीहरुको क्षमता विकासको लागि ३ दिने लेखा, व्यवस्थापन तथा COPOMIS तालिम संचालन गरिएको छ। त्यसै गरी गाउँपालिका भित्रका सहकारीहरु संग सहकारीको व्यवस्थापन,वचत परिचालन, जगेडा कोष, लेखा परीक्षण प्रतिवेदन, साधारण सभा लगायतका विषयमा एक दिने अन्तरक्रिया कार्यक्रम संचालन गरि सहाकारीहरूलाई सो विषयमा कानून बमोजिम कार्य गर्न सामुहिक प्रतिबद्धतामा आवद्ध गरिएको छ। सहकारीहरु साझा हितको लागि सहकारी संजाल गठन गरिएको छ।

**प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ**

आ. व. २०८०/०८१ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार व्यवस्थापन सूचना प्रणालीमा १५५७ जना वेरोजगार सुचिकृत भएका छन। यस वर्ष प्रधानमन्त्री कार्यक्रम अन्तर्गत ५८ लाख ४० हजार बजेट विनियोजन भएकोमा सो रकम कार्यान्वयनको लागि १० ओटा योजना छनौट गरी १८३ जनालाई १०० दिनको रोजगारी सिर्जना गरिएको छ ।

**श्रम तथा उद्दम शिलता तर्फ**

यस वर्ष लघु उद्दम तर्फ २८ जनालाई नयाँ उद्दमी सिर्जना तालिम संचालन गरिएको छ त्यसै गरी २० जनालाई सिप विकास तालिम, २० जनालाई पशुपन्छी पालन तालिम, २६ जनालाई एडभान्स सिप विकास तालिम संचालन गरिएको छ भने ८ नं. वडामा १ ओटा साझा सुविधा केन्द्र स्थापनाको निर्माण कार्य भइरहेको छ।

**शिक्षा तर्फ**

स्थानीय पाठ्यक्रम " शैलुङ चिनारी" तयार गरी कार्यन्वयनको चरणमा रहेको छ । शिक्षकहरुलाई प्रश्न पत्र निर्माण पाठ्यक्रम प्रवोधिकरण मन्टेश्वारी, सूचना प्रविधि, लेखा (SAS) तालिम संचालन गरिएको छ। विद्यार्थीहरुको शारीरिक, बौद्धिक क्षमता विकासका लागि गाउँपालिका स्तरीय खेलकुद, हाजिरी जवाफ, श्रुति लेखन लगायतका अतिरिक्त क्रियाकलाप संचालन गरिएको छ । बाल कक्षा व्यवस्थापन अन्तर्गत १३ ओटा विद्यालयको वाल कक्षा व्यवस्थापनलाई थप सुदृढ गरिएको छ । वडा नं. ५ मा अवस्थित विरेन्द्र मा.वि.मा बाल उद्दान निर्माण गरिएको छ । खेलकुदको माध्यमबाट वालवालिकाको शारीरिक मानसिक र संबेगात्मक विकासको लागि राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन गरिएको छ।

विद्यालयको व्यवस्थापन तथा शैक्षिक गुणस्तर अभिवृद्धिको लागि नियमित रुपमा शिक्षा समिति र प्र.अ. बैठक संचालन गरिएको छ। त्यसै गरी दलित, अपाङ्ग, विपन्न जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गरिएको छ। गाउँपालिका भित्र प्राविधिक धार संचालन गर्ने सामुदायिक विद्यालयहरुलाई अनुदान दिइएको छ। विद्यालय दिवा खाजा कार्यक्रम ८ कक्षा सम्म विस्तार गरिएको छ। सूचकका आधारमा उत्कृष्ट विद्यार्थी र उत्कृष्ट शिक्षक छनौट गरी पुरस्कृत गरिएको छ । स्थलगत अनुगमन निर्धारित मापदण्ड र आवश्यकताका आधारमा २ ओटा विद्यालय समायोजन २ ओटा विद्यालयलाई कक्षा थप अनुमति र ८ ओटा विद्यालयहरुको कक्षा समायोजन तथा शिक्षक दरबन्दी मिलान गर्ने कार्य गरिएको छ ।

**स्वास्थ्य तर्फ**

स्वास्थ्य तर्फ HIV संक्रमित आमाबाट जन्मने शिशुलाई HIV संक्रमित हुन नदिन ४२ जना स्वास्थ्य कर्मीलाई PMTCT तालिम संचालन गरिएको छ । १३६ जना गर्भवतीलाई अण्डा र क्याल्सियम वितरण गरी पोषणको सुनिश्चितता गरिएको छ जसले गर्दा कम तौलको शिशु जन्मने दर न्यून भएको छ। यस वर्ष ५२ गर्भवती , पूर्ण अपाङ्गता, ज्येष्ठ नागरिक, कुपोषित बच्चा तथा, हेमोफेलियाका विरामीहरुलाई निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइएको छ। यस शैलुङ गाउँपालिका अन्तर्गतका १२ ओटै स्वास्थ्य संस्थाहरुको न्युनतम सेवा मापदण्ड(MSS) ८० % भन्दा माथि पुगेको छ। ९६७ जना ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको घरैमा गई स्वास्थ्य परीक्षण गरिएको छ भने १०३ जना गर्भवती महिलाको घुम्ती भिडियो एक्स रे सेवाको पहुँचमा पुर्याइएको छ। तिल गङ्गा आखा प्रतिष्ठान, दोलखा लाइन्स आखा केन्द्रको सहकार्यमा वडा नं. १,२,३,७,८ मा शिविर संचालन गरी ५०३ जनाको आखा परीक्षण गरी ३४ जना मोतिविन्दुका विरामीहरुको निशुल्क अपरेशन गरिएको छ। ६८ जना क्यान्सर मृगौला रोगि तथा स्पाइनल इन्जुरी भई प्यारालाइसिस भएका दिर्घ रोगिहरुको १लाख ५० हजार बराबरको निशुल्क उपचारको लागि सिफारिस गरिएको छ भने ५२ जना दिर्घ रोगिहरुको लागि मासिक रू ५,०००/- का दरले औषधि उपचार खर्च उपलब्ध गराइएको छ। PSI नेपाल संगको सहकार्यमा ४ ओटा स्वास्थ्य संस्थाको स्वास्थ्य कर्मीहरुलाई सुरक्षित गर्भपतन(१० हप्ते) तालिम संचालन गरीएको छ। पालिका भित्र भएका ९ महिना देखी ५ बर्ष मुनिका ६६३ बालबालिकालाई दादुरा रुवेला खोप लगाइएको छ भने ३८२ जनालाई FIPV खोप लगाइएको छ। यस बर्ष गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुबाट कुल १८१७२ जनाले स्वास्थ्य सेवा प्राप्त गरेका छन्। सम्पूर्ण वडाहरुमा क्षयरोग खोज पर्ताल गरी सय ६ जनाको क्षयरोग् परिक्षण गरिएको र क्षयरोग पोजेटिभ देखिएका २ जनामा DOTS विधिबाट उपचार सुरु गरिएको छ। ३५१ जना महिलाहरुको प्रजनन् स्वास्थ्य सुधारको लागि VIA परिक्षण कार्य सम्पन्न गरिएको छ। सामुदायिक विद्यालयमा अध्ययनरत ९९० जना किशोरीहरुलाई आइरन चक्की र २१८४ जना विद्यार्थीहरुलाई जुकाको औषधि वितरण गरिएको छ।

**सामाजिक विकास तर्फ**

विपन्न दलित सशक्तिकरण कार्यक्रम अन्तर्गत एकता कृषक समूह संग सम्झौता भई सत्र घरधुरीमा बाख्रापालन १० घर धुरीमा बाध्यबाजन सामग्री प्रदान गरी तालिम संचालन गरिएकोको छ। अपाङ्गता भएका व्यक्ति वा निजको परिवारको जीविकोपार्जन सुधार कार्यक्रम अन्तर्गत मागमा आधारित कार्यक्रम छनौट गरी सम्झौता गरिएको छ। किशोर किशोरीहरुको लागि आत्मा रक्षा तालिम अन्तर्गत ९ ओटा सामुदायिक माध्यमिक विद्यालयका २७ जना किशोर किशोरीहरुलाई ५ दिने आत्मारक्षा तालिम तथा यौन तथा प्रजनन् स्वास्थ्यमा आधारित लागु पदार्थ दुर्वेशानी विरुद्ध जीवन उपयोगी सिप तालिम संचालन गरिएको छ। बाल मैत्री स्थानीय तह घोषणा कार्यक्रम अन्तर्गत गाउँपालिकाका जनप्रतिनिधि , कर्मचारी , विद्यालयका प्र.अ. तथा स्वास्थ्य कर्मीहरुलाई अभिमुखीकरण कार्यक्रम संचालन गरिएको छ। बाल विबाह अन्त्यका लागि समुदाय परिचालन कार्यक्रम अन्तर्गत ९ ओटा सामुदायिक माध्यमिक विद्यालयहरुमा अभिमुखीकरण कार्यक्रम संचालन गरिएको छ। अपाङ्ग वाल अस्पताल बनेपा संगको सहकार्यमा २८ जना अपाङ्ग

वालवालिकाको स्वास्थ्य परिक्षण शिविर संचालन गरिएको छ। तिज विशेष कार्यक्रम , अन्तराष्ट्रिय महिला दिवस, वाल दिवस लगायतका दिवशीय कार्यक्रम संचालन गरिएको छ । जातीय छुवाछुत मुक्त अभियान अन्तर्गत जिल्ला रेडक्रस संगको साझेदारीमा खुल्ला रक्तदान कार्यक्रम संचालन गरिएको छ। परम्परागत सिप आधुनिकीकरण कार्यक्रम अन्तर्गत १० जनालाई १ महिने काष्ठकला तालिम संचालन गरिएको छ। लक्षित वर्ग कार्यक्रम अन्तर्गत शैक्षिक भ्रमण, क्रियापुत्री भवन निर्माण, टेन्ट खरिद, स्काउट व्यवस्थापन, सडक स्तरोन्नति, लोक बाजा खरिद, धुप बनाउने तालिम लगायतका कार्यक्रम संचालन गरिएको छ।

**वन वातावरण तथा विपद व्यवस्थापन तर्फ**

शैलुङ गाउँपालिकाका अन्तर्गत रहेका सामुदायिक, कवुलियति, व्यक्तिगत वनहरु संग अन्तरक्रिया कार्यक्रम संचालन गरिएको छ। शैलुङ गाउँपालिकामा ६१ ओटा सामुदायिक र कवुलियति गरी वन उपभोक्ता समिति रहेका छन् । विपद व्यवस्थापन तर्फ ८ जना मनसुन जन्य तथा आगलागी जन्य विपदबाट पिडित भई घर नष्ट भएका व्यक्तिहरुको घर निर्माणको लागि सिफारिस गरी पहिलो किस्ता रकम जिल्ला प्रशासन कार्यालयमा निकासा गरिएको छ भने ४ जना व्यक्तिहरुको मंसुन्जन्य तथा आगलागीजन्य विपदबाट पिडित भई घर मर्मत गर्नु पर्ने तथा घर नष्ट भएका व्यक्तिहरुको घर सर्भेक्षण गर्ने कार्य गरी लाभग्राही कायमको लागि प्रक्रिया अगाडी बढाईएको छ। विपदजन्य घटना न्यूनीकरणको लागि गाउँपालिका स्तरीय स्वयं सेवक ब्यूरो गठन गरिएको छ भने विपद जोखिम न्यूनीकरणको लागि आवश्यक पर्ने तारजाली खरिद गरी पुर्व तयारि गरिएको छ भने न्युनतम विपद संग सम्बन्धित सामग्री खरिद प्रक्रिया अगाडी बढाईएको छ। विभिन्न संघ संस्था, दलित, गरिव, विपन्न, आगलागि जन्य घटनाबाट आफ्नो सम्पूर्ण सम्पत्ति गुमाएका परिवारलाई दैनिक उपभोग्य सामाग्री वितरण गरी जम्मा ४० जना, तारजाली खरिद र क्यान्सर मृगौला रोगि तथा स्पाइनल इन्जुरी भई प्यारालाइसिस भएका दिर्घ रोगिहरुहरुको सोध भर्ना समेत गरी रू २८ लाख १३ हजार ३ सय ८५ रुपैयाँ आर्थिक सहयोग गरिएको छ।

**सार्वजनिक सेवा प्रवाह तथा सुशासन तर्फ**

सामाजिक सुरक्षा तथा पंजीकरण अन्तर्गत यस बर्ष गाउँपालिका भरी जन्म ६१६, मृत्यु २३३, सम्बन्ध विच्छेद २५, विबाह दर्ता ३३४, बसाइँ सरी आउने ७ परिवार र बसाईसराई गरी जाने ४५ परिवार गरी कुल १२६० को घटना दर्ता भएको छ। चोथो त्रैमासिक सम्म आइपुग्दा ज्येष्ठ नागरिक २११८, ज्येष्ठ नागरिक दलित ७८, ज्येष्ठ नागरिक एकल महिला १७२, विधुवा ३६० अपाङ्ग 'क' वर्ग ४०, 'ख' बर्ग १३१ जना, दलित बालबालिका १५८ जना सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राही रहेका छन्। हाल सम्म तेस्रो त्रैमासिक सम्मको सामाजिक सुरक्षा भत्ता वापत रू ९ करोड १० लाख ८७ हजार ८ सय २८ रुपैयाँ भुक्तान्नी भैसकेको छ भने चौथो त्रैमासिकमा रू ३ करोड १५ लाख ९१ हजार सात सय ३४ रुपैयाँ निकासाको क्रममा रहेको छ।

यस बर्ष ८ ओटै वडा कार्यालयबाट राष्ट्रिय पंजीकरण सिफारिस , व्यापार व्यवसाय सिफारिस , शैक्षिक सिफारिस, संघ संस्था सिफारिस, सामाजिक /पारिवारिक सिफारिस, भौतिक निर्माण सम्बन्धी सिफारिस, नेपाली नागरिकता सिफारिस, जिन्सी सामग्री माग सम्बन्धी सिफारिस, घर जग्गा सिफारिस, कृषि सम्बन्धी सिफारिस, अंग्रेजी सिफारिस र अन्य

सिफारिस गरी जम्मा ३१३९९ सिफारिस भएको छ। आ.व. २०७९/०८० को जनप्रतिनिधि, शिक्षक, कर्मचारीगरू कुल ३८९ जनाको सम्पत्ति विवरण मुख्य मन्त्रि तथा मन्त्रिपरिषदको कार्यालय बागमती प्रदेश , हेटौडामा पेश गरिएको छ। स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकन (LISA) मा ९०.२५ र वित्तीय जोखिम मुल्यांकन (FRA) मा ८७.५ अङ्क सहित जिल्लामा सर्वोत्कृष्ट भएको छ।

गाउँसभाका सदस्यज्यूहरु,

अब म आर्थिक वर्ष २०८१।८२ को लागि अख्तियार गरिने नीति तथा कार्यक्रम सम्मानित सभासमक्ष प्रस्तुत गर्ने अनुमति चाहान्छु।

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, दिगो विकास लक्ष्यहरु, नेपाल सरकारको सोह्रौँ योजना मार्गदर्शन, संघ तथा प्रदेश सरकारको मार्गदर्शन तथा प्राथमिकताहरु र आफ्नै बिशिष्ट संभाव्यता एवं आवश्यकता समेतलाई आधार मानी गाउँवासी आमाबुबा, दिदीबहिनी, दाजुभाइहरुबाट व्यक्त भएका जनचाहनाहरु तथा विभिन्न विषयगत क्षेत्रसँग सम्बन्धित सरोकारवाला तथा विज्ञहरुबाट प्राप्त सुझावहरु समेतलाई समेट्दै आर्थिक वर्ष २०८१।८२ का निम्न बमोजिमका नीतिहरु अबलम्बन गरेका छौँ।

**पूर्वाधार विकास तथा सार्वजनिक निर्माण तर्फ**

- पूर्वाधार विकासमा सार्वजनिक निजी सहकारी साझेदारी ढाँचामा (PPCP) संचालन गर्नुपर्ने आयोजाहरुको रोष्टर तयार गरिनेछ।
- गाउँपालिकाको गौरबका आयोजनाहरु छनौट गरी संघ सरकार, प्रदेश सरकार, अन्तरपालिका सहकार्य, निजी क्षेत्र, सहकारी समेतको सह लगानीमा क्रमश कार्यान्वयन गर्दै लगिनेछ।
- प्राबिधिक ज्ञान सिपलाई समयअनुकुल परिष्कृत गर्दै लैजाने नयाँ नयाँ प्रविधि भित्र्याउने किसिमको प्राबिधिक क्षमता अभिवृदी कार्यक्रम सन्चालन गरिनेछ।
- गाउँपालिका भित्र निर्माण हुने सार्वजनिक महत्वको भौतिक निर्माणहरु संख्यात्मक मात्र नभई गुणस्तरिय बनाउने तर्फ ध्यान दिइनेछ। साथै यस आ.व. मा सुबिधायुक्त सिभिल ल्याब स्थापना गरिनेछ।
- ‘‘दिगो खानेपानी असल बानी’’ भने जस्तै खानेपानी आयोजनाहरु मार्फत एक घर एक धारा नीति लिइनेछ, साथै एक आयोजना एक प्लम्बर तालिम सन्चालन गरिनेछ।
- सार्वजनिक निर्माणलाई ठेक्का मार्फत कार्यान्वयन गर्ने नीति लिइनेछ। गाउँपालिकाबाट कार्यान्वयन हुने आयोजनाहरु १० लाख भन्दा माथिको बजेटको ठेक्का (EGP) मार्फत कार्यान्वयन गर्ने नीति लिइनेछ।
- ठेक्कामा हुने ढिला सुस्तीलाई ब्यवस्थित गर्न Pre–Bid Meeting, Post Bid Conference, Conflict Resolution Committee गठन गरि ब्यवस्थित गरिनेछ।
- एक वडा एक सडक कार्यक्रम अन्तर्गतका सडक योजना छनौट गरी बाह्रै महिना यातायात सुचारु गर्न प्राथमिकता दिइनेछ।
- सडक हेरालु कार्यक्रमलाई निरन्तरता दिइ मुख्य सडकहरुमा चार महिना सडक हेरालु राखिनेछ।

- सडक योजनाहरुको मर्मत सम्भारको लागि सडक मर्मत कोष खडा गरिनेछ ।
- महत्वपूर्ण पैदल मार्गमा रहेका खोला खोल्सीहरुमा फड्के पुल निर्माण गर्दै लगिनेछ ।

आयोजना बैक तयार गरी संचालनमा ल्याइनुका साथै निर्माण सम्बन्धी आयोजनाको गुणस्तरीयता सुनिश्चित गर्न प्रकिया अगाडी बढाइनेछ । पूर्वाधार अन्तर्गत क्षेत्रगत् रुपमा लिइने नीतिलाई निम्न अनुसार प्रस्तुत गर्न चाहन्छु ।

**१. सडक पुल र यातायात**

- सडक आयोजनाहरु छनौट गर्दा सामाजिक, आर्थिक लाभ हुने किसिमको पर्यटन, कृषि पशुपन्छिजन्य तथा अन्य उत्पादन र रोजगारीमा टेवा पुग्ने र वातावरण मैत्री योजनाहरु छनौट गरिनेछ ।
- आ.व २०८१/०८२ मा आयोजना बैङ्क स्थापना गरि थप व्यवस्थित गर्ने नीति लिइनेछ ।

**२. बस्ती आवास, भवन सार्वजनिक निर्माण**

- राष्ट्रिय भवन आचर संहितालाई कडाइको साथ लागू गर्ने नीति लिइनेछ ।
- भुकम्प प्रतिरोधि संरचनाहरु निर्माणमा जोड दिइनेछ ।
- एकिकृत बस्ती बिकासको लागी विशेष पहल गरिनेछ ।
- मुख्य सडकले ओगटेका जग्गाको लगत कट्टा सुरु गर्ने नीति लिइनेछ ।
- जग्गा बर्गिकरण गरि भू–उपयोग नीतिलाई विशेष प्राथमिक दिई लागू गरिनेछ ।

**३. जलश्रोत, विद्युत र बैकल्पिक उर्जा**

- सुरक्षित विद्युतिय प्रसारण लाइन विस्तारलाई जोड दिइनेछ ।
- काठको पोललाई विस्थापित गरि फलामे पोल प्रयोगलाई बढवा दिन सम्बन्धित निकायसँग सहकार्य गरिनेछ ।
- विद्युत उपभोग तथा जोखिम न्यूनिकरणको लागी जनसचेतना कार्यक्रमको ब्यवस्था गरिनेछ ।

**४. सार्वजनिक निजि साझेदारी**

- पूर्वधार विकासमा सार्वजनिक निजि साझेदारी नीतिलाई विशेष जोड दिइनेछ ।
- सार्वजनिक गैर सरकारी संस्था, सहकारीसँगको लागत साझेदारीमा पूर्वाधार निर्माणमा आवस्यक पहल गरिनेछ ।
- गाउँपालिका क्षेत्रको आर्थिक, सामाजिक, संस्कृतिक ,मानवीय पक्ष, पूर्वाधार विकास लगायतका विभिन्न विकासका गतिविधिमा काम गर्न इच्छुक संघ संस्था विकास साझेदार, दातृ निकायहरुलाई गाउँपालिकाको उद्देश्य बमोजिम हुनेगरी लागत सहभागिता तथा एकल लागतमा कार्य गर्न, निर्माण, संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति अवलम्बन गरिनेछ ।

**५. गौरवको आयोजना**

गाउँपालिका भित्रको गौरवको आयोजना छनौट गर्दा अन्तरपालिका तथा सदरमुकाम जोड्ने, पर्यटन प्रवर्द्धन, कृषि ब्यवसाय प्रवर्द्धनमा सहयोग पुग्ने किसिमको आयोजना छनौट गर्ने नीति लिइनेछ ।

**६. सूचना तथा सञ्चार प्रविधि**

- गाउँपालिकाका तथ्यांकलाई एकीकृत गरी डिजिटल गाउँपालिका प्रोफाइल तयार गरिनेछ । साथै GPS सहितको घर नम्बर राख्ने कार्य अगाडी बढाइनेछ ।
- राजस्व व्यवस्थापनको लागि SUTRA अन्तर्गतको राजस्व मोड्युलको प्रयोग गरिनेछ ।
- गाउँ कार्यपालिकाको कार्यालय परिसर र गाउँ क्षेत्रभित्रका मुख्य पर्यटकीय क्षेत्रलाई क्रमश: Free WIFI Zone बनाउँदै लगिनेछ ।
- गाउँपालिकाद्वारा सम्पादन हुने सेवा प्रवाहलाई क्रमश: सूचना प्रविधि मार्फत गर्ने व्यवस्था मिलाई सूचना प्रविधिलाई सेवाग्राहीको पहुँचमा पुर्याइनेछ ।
- शैलुङ डाँडा लगायतका क्षेत्रमा मोबाइल नेटवर्क ब्यवस्थित गर्न आवश्यक पहल गरिनेछ ।
- कम्प्युटर सर्भरको ब्यवस्थापन गरि गाउँपालिकाको तथ्याङ्कहरुको अभिलेख ब्यवस्थापन गरिनेछ ।
- पर्यटन प्रवर्द्धनको लागी डिजिटल सूचना केन्द्र स्थापनाको थालनी गरिनेछ ।
- साइवर सुरक्षा र प्रविधिको प्रयोग सम्बन्धि अभिमुखिकरण कार्याक्रम सञ्चालन गरिनेछ ।

**सार्वजनिक शिक्षा:**

- सामुदायिक विद्यालयहरुलाई न्युनतम पूर्वाधारयुक्त बनाउनको लागि मा.वि, आधारभूत विद्यालयहरुलाई आवश्यक पर्ने न्युनतम कक्षाकोठा,घेरावार, शौचालय, खानेपानी तथा फर्निचर एवं मर्मत सम्भारको समुचित व्यवस्था क्रमश: गर्दै न्युनतम पूर्वाधारयुक्त विद्यालय घोषणा गरि विद्यार्थीहरुको सर्वाङ्गीण विकासमा जोड दिईनेछ ।
- सामुदायिक विद्यालयको शैक्षिक सुधार एवं गुणस्तरीयता कायम गर्न विद्यालय व्यवस्थापन समितिले सामुदायिक विद्यालयका प्र. अ सँग कार्य सम्झौता गर्ने र प्र.अ ले आफू मातहतका प्रत्येक शिक्षकसँग कार्यसम्पादन सम्झौता गर्नुपर्ने व्यवस्था मिलाइनेछ ।
- खेलकुदको समग्र विकासका लागि गाउँपालिकास्तरीय खेलकुद विकास समिति गठन गरिनेछ । साथै खेलका माध्यमबाट खेलाडीहरुको विकास गर्न राष्ट्रपति रनिङ शिल्ड, अध्यक्ष कप लागायतका खेलहरु प्राथमिकता दिई संचालन गरिनेछ ।
- प्रारम्भिक बालशिक्षालाई व्यवस्थित रुपमा संचालनका लागि आवश्यक पर्ने शैक्षिक सामाग्री तथा सुविधा सम्पन्न कक्षाकोठा व्यवस्थित गरिनेछ ।
- विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघको क्षमता अभिबृद्धि कार्यक्रम संचालन गरिनेछ ।
- शिक्षकको हाजिरी तथा विद्यालयको दैनिक आर्थिक/ प्रशासनिक कार्यसंचालनलाई प्रविधिमार्फत तत्काल शिक्षा शाखाबाट निरीक्षण गर्न मिल्ने प्रविधिको विकास गरिनेछ ।
- विद्यार्थीहरुको अन्तरनिहीत प्रतिभा उजागर गर्न वक्तृत्वकला, विज्ञान प्रदर्शन, हाजिरी जवाफ तथा नृत्य प्रतियोगिता संचालन गरिनेछ ।

- विगत वर्षहरुमा जस्तै यस आ.व मा पनि विद्यार्थी संख्यालाई मुख्य आधार मानी बालविकास केन्द्र, प्रा.वि, नि.मा.वि तथा मा.वि तहमा कार्यरत शिक्षकहरुको विषयगत एवं शिक्षक विद्यार्थी अनुपातमा दरबन्दी मिलान तथा विद्यालय समायोजन कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- सामुदायिक विद्यालयबाट प्रदान गरिने शिक्षाको गुणस्तरमा सुधार गरी प्रतिष्पर्धात्मक बनाई विद्यार्थी भर्नादरमा थप वृद्धि गरिनेछ।
- शिक्षालाई रोजगारी र उद्यमशीलतासँग जोड्न प्राविधिक र व्यवसायिक शैक्षिक सँस्थाको व्यवस्थापनलाई सुदृढ बनाउन अनुदान सहयोग गरिनेछ।
- विद्यालयहरुमा सूचना तथा संचार प्रविधिको प्रयोग र सिकाईलाई प्रोत्साहन गरिनेछ।
- विद्यालयका शिक्षक, कर्मचारी र बालविकास सहजकर्ताको पेसागत क्षमता अभिवृद्धिका लागि आवश्यकता अनुसारका तालिमलाई निरन्तरता दिइनेछ।
- शिक्षक तथा प्रधानाध्यापकहरुको उत्प्रेरणाका लागि उत्कृष्ट विद्यालय भ्रमण तथा अवलोकन र असल अभ्यास साटासाटको कार्यक्रम ल्याइनेछ।
- विद्यालयहरुलाई धुलोरहित  हरित विद्यालयको रुपमा व्यवस्थापन गरिनेछ।
- शैलुङ गाउँपालिका विद्यालय जाने उमेर समूहका सबै बालबालिकालाई अनिवार्य विद्यालय भर्ना गरी आगामी वर्षभित्र आधारभूत शिक्षामा सबैको पहुँच सुनिश्चित गरिनेछ।
- विद्यालयहरुको नियमित सुपरिवेक्षण र नियमनलाई थप प्रभावकारी बनाई “सूचना प्रविधियुक्त विद्यालय; सिर्जननशील र प्रतिभाशाली विद्यार्थी” भन्ने मान्यता स्थापित गरिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- बालविकास केन्द्रलाई बालबालिकाको शारीरिक, मानसिक र संवेगात्मक विकासमा सकारात्मक टेवा पुग्नेगरी आराम गर्ने स्थल र मनोरञ्जन केन्द्रको रुपमा विकास गरिनेछ।
- सामुदायिक विद्यालयलाई  सरोकारवालाहरु शिक्षक, विद्यार्थी, विद्यालय प्रशासन र अभिभावकहरुको समन्वयमा नमूना विद्यालयकोरुपमा विकास गर्न प्रोत्साहन गरिनेछ। अभिभावकहरुको प्रत्यक्ष नियमन र व्यवस्थापनमा विद्यालय सुधारको नीति अवलम्बन गरिनेछ।
- हाम्रा बालबालिका स्थानीय, राष्ट्रिय र विश्वव्यापी रुपमा प्रतिष्पर्धी बनाउन प्रविधिमैत्री सामुदायिक विद्यालय बनाउनको लागि सामुदायिक विद्यालयलाई सहयोग र अनुदानको व्यवस्था मिलाइनेछ। विद्यालयमा विद्यार्थो सिकाई उपलब्धी वृद्धि गर्न प्रोत्साहन गरिनेछ।
- विद्यालयमा स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक  व्यवस्था मिलाईनेछ।
- “शिक्षामा लगानी, भविष्यका लागि लगानी” भन्ने मूल मर्म आत्मसात गर्दै दिवाखाजा कार्यक्रमलाई आधारभूत तहसम्म प्रति विद्यार्थी प्रतिदिन रु. २० हुने गरी निरन्तरता गरिनेछ।
- विद्यालय तथा विद्यार्थी स्तर निर्धारण कार्यक्रमलाई निरन्तरता दिइनेछ। उत्कृष्ट सिकाई उपलब्धि भएका विद्यालय, विद्यार्थी  र शिक्षकहरुलाई सम्मान कार्यक्रम सञ्चालन गरिनेछ।

- नमूना विद्यालयलाई थप व्यवस्थित गरी शैक्षिक पर्यटनको रुपमा विकास गर्दै अन्य विद्यालयको लागि सिकाई केन्द्रकोरुपमा स्थापित गरिनेछ।
- युवाको दक्षता उद्यमशीलता अन्वेक्षणात्मक क्षमताको विकास गरी विकासमा युवा सहभागिता बढाइनेछ।
- खेलकुदको विकासका लागि भौतिक पूर्वाधार निर्माण र स्थानीय स्तरमा खेलकुद प्रतियोगिताहरु आयोजना गरिनेछ।
- सामुदायिक विद्यालयहरुले लिने त्रैमासिक परीक्षाको प्रश्नपत्र र उत्तर पुस्तिका गाउँपालिकाबाट उपलब्ध गराइने कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- प्रसुती विदामा रहेका शिक्षकहरुको सट्टा शिक्षक व्यवस्थापन गरिने कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- विद्यालय स्तरमा पोषण सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

**स्वास्थ्य क्षेत्रः**

- शैलुङ गाउँपालिकाका मृगौला डायलासिस,हेमोफिलिया,कुपोषण,दुर्घटना, प्रसुती सेवा, सिकलसेल एनेमियाका विरामीहरुका लागि रगत निशुल्क प्रदान गरिनेछ।
- नियमित संचालनमा रहेका बाह्य खोप केन्द्र गाउँघर क्लिनिकलाई थप व्यवस्थित गरिनेछ।
- शैलुङ अस्पताल व्यवस्थापनमा XRAY, ECG सेवा लाई विस्तारित गर्ने र lab सेवा लाई थप प्रभावकारी बनाई सेवा प्रदान गरिनेछ।
- गाउँवासीको आपतकालीन स्वास्थ्य सेवामा सहज पहुँचका लागि एम्बुलेन्स सेवालाई थप व्यवस्थित गरिनेछ असहाय विपन्नलाई निशुल्क एम्बुलेन्स व्यवस्थालाई निरन्तरता गरिनेछ।
- उच्च रक्तचाप, मधुमेह, दम, मृगौला, कलेजो र महिलाहरुको पाठेघरसम्बन्धी रोगको रोकथाम, पहिचान, परीक्षण र उपचारका कार्यक्रमहरुलाई प्रभावकारी वनाइनेछ। साथै महिलाहरुको स्तन र पाठेघरको मुखको क्यान्सर जाँच निशुल्क गरिने छ र क्यान्सर संक्रमित, अति विपन्न व्यक्तिहरुलाई यातायात खर्चको व्यवस्थापन गरिनेछ।
- महामारी रोग तथा विपद व्यवस्थापनको पूर्व तयारी टिम तयार गरी सशक्त बनाइनेछ।
- महिला स्वास्थ्य स्वंयसेविकाहरुको व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ।
- स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी बनाउन बिमाकर्ताहरुलाई घरदैलोमै खटाइने छ। सिमान्तकृत, दलित लगायत सबैलाई स्वास्थ्य बिमा कार्यक्रममा सहभागी गराई स्वास्थ्य सेवाको पहुँच र उपयोगिता बढाइनेछ।
- ८० वर्षभन्दा माथिका ज्येष्ठ नागरिक , 'क' बर्गका अपाङ्गता र दम भएका व्यक्तिहरुको घरदैलो स्वास्थ्य उपचार सेवालाई निरन्तरता दिइनेछ।
- गुणस्तरीय एवं न्यूनतम स्वास्थ्य सेवा प्राप्त गर्न पाउने हकलाई सुनिश्चित गर्न सबै स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने स्वास्थ्य सेवाको गुणस्तर मापन तथा अनुगमन कार्यलाई प्रभावकारी बनाइनेछ।
- शैलुङ अस्पतालबाट २४ सै घण्टा सेवा संचालनका लागि आबश्यक व्यवस्था मिलाइनेछ।

- सम्पूर्ण विद्यालयमा विद्यार्थीहरुको स्वास्थ्य परिक्षण कार्यक्रम ( आखा ,नाक कान घाँटी तथा मुख स्वास्थ्य सम्बन्धी) संचालन गर्ने नीति लिईनेछ ।
- गर्भवती महिलाहरुलाई अन्डा वितरण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- प्रत्येक महिना समुदाय र स्वास्थ्य संस्थामा जन्मेदेखि २३ महिना सम्मका बालबालिकाहरुको वृद्धि अनुगमन (HEALTHY BABY GROWTH COMPETITION) कार्यक्रम संचालन गरि जसमा नियमित वृद्धि हासिल गर्ने बालबालिकाहरु लाई प्रोत्सहान गरिनेछ ।
- ६० बर्ष पुगेका स्वयं सेविकाहरुलाई सम्मान जनक विदाई कार्यक्रमको लागि बजेट विनियोजन गरिनेछ ।
- गाउँपालिकामा प्रत्येक ६ /६ महिनामा रक्तदान कार्यक्रम संचालन गरिनेछ ।
- स्वास्थ्य संस्थाहरु संचालन तथा व्यवस्थापन अनुदान लाई निरन्तरता दिइनेछ ।
- नयाँ स्वास्थ्य कर्मीहरुका लागि स्वास्थ्य सम्बन्धि तालिम संचालन गरिनेछ जसले गर्दा कर्मचारीको क्षमता वृद्धि गरि स्वास्थ्य संस्थाबाट गुणस्तरीय सेवा प्रवाह हुनेछ । (MA, ROUSg, ELMIS, SBA, revised HMIS, IMMUNIZATION)
- महिला सामुदयिक स्वास्थ्य स्वयसेविकाहरुलाई दिदै आएको चाडपर्व खर्च लाई निरन्तरता दिनेछ ।
- महिला स्वास्थ्य स्वयं सेविका तथा कर्मचारीहरुलाई मासिक बैठकमा गरिदै आएको खाजा खर्च व्यवस्थापनलाई निरन्तरता दिईनेछ ।
- गर्भवती महिलाहरुको लागि क्याल्सियम खरिद गरि वितरण गर्दै आएको कार्यक्रमलाई निरन्तता दिईनेछ ।
- लामो समय सम्म नियमित औषधि सेवन गर्नु पर्ने मानसिक रोगि तथा दिर्घ रोगीहरुलाई चिकित्सकको सिफारिस अनुसारका औषधिहरु खरिद गरि निशुल्क उपलब्ध गराइनेछ ।
- सम्पूर्ण वडाहरुमा संचालन गर्दै आएको स्वास्थ्य शिविर लाई निरन्तरता दिईनेछ ।
- सम्पूर्ण सरकारी संस्थाहरुमा स्तनपान कक्षको व्यवस्था मिलाईनेछ ।
- पहिलो पटक महिनावारी हुने किशोरीहरुलाई विद्यालयमा पहिलो महिनावारी उत्सव मनाउने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- गर्भवती महिला,सुत्केरी महिला, ८० बर्ष वा सो भन्दा माथिका जेष्ठ नागरिक अपांगता भएका व्यक्ति , हेमोफिलिया र शिघ्र कुपोषण भएका व्यक्ति र अति विपन्न भएका व्यक्तिहरुलाई प्रेषण गर्नु पर्ने भएमा निशुल्क एम्बुलेन्स सेवा प्रदान गरिदै आएको कार्यक्रम लाई निरन्तरता दिईनेछ ।
- गैरी सामुदयिक स्वास्थ्य इकाई, शैलुङ-१, पिपल डाँडा सामुदायिक स्वास्थ्य इकाई, शैलुङ-४ र मनगाउँमा सामुदयिक स्वास्थ्य इकाई, शैलुङ-८ संचालन गरि दरबन्दी अनुसार कर्मचारी व्यवस्थापन गरिनेछ ।
- सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा दरबन्दी अनुसार कर्मचारी पदपूर्ति गरिनेछ ।
- नागरिक आरोग्य केन्द्रलाई थप व्यवस्थित गर्न आयुर्वेद औषधि तथा सामग्री खरिद गरि उपलब्ध गरिनेछ ।
- न्युनतम सेवा मापदण्डमा उत्कृष्ट अङ्क हासिल गर्ने स्वास्थ्य संस्थालाई सम्मान गरिनेछ ।

- सम्पूर्ण birthing सेन्टरमा SBA onsite coaching संचालन गर्ने नीति लिईनेछ।
- ग्रामिण ultrasound कार्यक्रमको लाई निरन्तरता दिईनेछ।
- सबै स्वास्थ्य संस्थाहरुलाई पोषण मैत्री तथा किशोरकिशोरी मैत्री र अपाङ्ग मैत्री स्वास्थ्य संस्था घोषणा गर्ने नीति लिइनेछ।
- पूर्ण खोप पालिका घोषणा कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- स्वास्थ्य बिमा कार्यक्रमलाई थप प्रभावकारी रुपमा संचालन गर्न आम नागरिकमा स्वास्थ्य बिमा सम्बन्धी चेतना जगाई शैलुङ अस्पताललाई स्वास्थ्य बिमा बोर्डमा सुचिकृत गरी विमा कार्यक्रम संचालन गर्न आवश्यक पहल गरिनेछ।
- स्वास्थ्य विमा अभिकर्ताहरुलाई प्रोत्साहन गरिनेछ।

**सामाजिक विकास शाखा :**

- शैलुङ गाउँपालिकालाई बालमैत्री स्थानीय तह घोषणा कार्यक्रमको लागि सोही अनुरुप कार्यक्रम संचालन गरिनेछ।
- सामाजिक, आर्थिक रुपमा पिछडिएका एवं असहाय, अशक्त र हिंसा प्रभावित व्यक्तिहरुका लागि नि:शूल्क कानूनी सहायताको लागि आवश्यक व्यवस्था मिलाइनेछ।
- महिलाको हक/अधिकार प्रचलनका लागि सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ।
- एकल महिलाहरुको सामाजिक संरक्षण, सशक्तिकरण र क्षमता विकासका लागि वडा स्तरमा र गाउँपालिका स्तरमा एकल महिला संजाल गठन गरी सिप तथा आय आर्जनको क्षेत्रमा जोडी मनोपरामर्श सम्बन्धी कार्यक्रम संचालन गरिनेछ।
- अनाथ, असहाय, अभिभावकविहिन बालबालिकाको संरक्षण, शिक्षा, स्वास्थ्य उपचार र पुन:स्थापनाका लागि आवश्यक प्रबन्ध गरिनेछ।
- अपांगता भएका व्यक्तिहरुको लगत संकलन गरी अभिलेख तयार गरिनेछ। अपांगताको प्रकृति अनुसार क्षमता विकासको लागि विशेष कार्यक्रम संचालन गरिनेछ।
- लक्षित वर्ग (महिला, दलित, जनजाति, अपाङ्गता, जेष्ठ नागरिक) कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- अपाङ्गता भएका व्यक्ति वा निजको परिवारको जिविकोपार्जन सुधार कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- अन्तराष्ट्रिय श्रमिक, महिला दिवस, अन्तराष्ट्रिय अपाङ्ग दिवस, जेष्ठ नागरिक दिवस, बाल दिवस लगायतका दिवस समारोहहरुमा विभिन्न क्रियाकलापहरु संचालन ( महिला हिंसा सम्बन्धी १६ दिने अभियान समेत) कार्यक्रम थप प्रभावकारी बनाइनेछ।
- परम्पगत सिप आधुनिकीकरण (आरन) प्रोत्साहन र प्रवर्द्धन गरिनेछ।
- परम्पगत सिप आधुनिकीकरण (काष्ठकला) प्रोत्साहन र प्रवर्द्धन गरिनेछ।

- राज्यको हरेक अंगमा लक्षित वर्गको अर्थपूर्ण सहभागिताको सुनिस्चितता गर्नको लागि कार्यक्रम नीति ल्याइनेछ ।
- लैंगिक हिंसा मुक्त समाजको लागि कार्यक्रमहरु संचालन गरिनेछ ।
- महिला विरुद्ध हुने घरेलु हिंसा अन्त्य गर्न यससँग सम्बन्धि मौजुदा कानून, ऐन तथा नियमावली सम्बन्धी जनचेतना अभिबृद्धि गर्दै आवश्यक संरचनागत व्यवस्था गरिनेछ।
- बहुविवाह, जातीय छुवाछुत, अनमेल विवाह, बाल बिबाह, बोक्सी प्रथा जस्ता सामाजिक कुरीति, कुसंस्कार एवं रुढीवादी परम्पराको अन्त्य गर्न सांस्कृतिक सुधार कार्यक्रमलाई विद्यालय स्तरबाटै सुरुवात गरिनेछ।
- दलित-दलित तथा दलित गैर दलित विच अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ।
- सयुक्त राष्ट्र संघले जारी गरेको नेपाल पक्षधर भएको विभिन्न घोषणा पत्र तथा नेपाल पक्षधर भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौता बमोजिमको विभिन्न प्रावधानहरुलाई प्रवर्द्धन तथा अङ्गीकार गरिनेछ।
- योग गरौं निरोगी बनौं भन्ने नारा सहित गाउँपालिकामा योग शिक्षा कार्यक्रम संचालन गरिनेछ।

**पर्यटन :**

- शैलुङ गाउँपालिका भित्र पर्यटन प्रवर्द्धनका लागि पर्यटकीय पूर्वाधार(शैलुङ ग्रेटवाल निर्माण तथा सौन्दर्यीकरण, शौचालय निर्माण, संग्राहलय निर्माण ) निर्माण गरिनेछ।
- शैलुङ गाउँपालिकामा रहेका प्राकृतिक, धार्मिक र सांस्कृतिक सम्पदाहरुको अभिलेख उल्लेख गर्दै पर्यटकीय स्रोत पुस्तिका प्रकाशन गरिनेछ।
- शैलुङ गाउँपालिकामा नयाँ पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न पर्यटकीय सूचना केन्द्र संचालनमा ल्याइनेछ ।
- आ.व. २०८२/०८३ (सन् २०२५) साललाई शैलुङ पर्यटन भ्रमण वर्ष मनाउन नेपाल सरकार र प्रदेश सरकारसँगको समन्वयमा कार्यक्रम संचालन गरिनेछ।
- कालापानीमा रहेको धावा वान्गेल पार्कलाई थप व्यवस्थित गर्ने र संग्राहलय निर्माणको लागि प्रक्रिया अगाडी बढाईनेछ ।
- गोल्मा राजा गोल्मा रानीको दरबार क्षेत्रको सम्वर्द्धन प्रवर्द्धन गर्न आवश्यक प्रक्रिया अगाडी बढाइनेछ।
- गाउँपालिका भित्र रहेको पर्यटकीय तथा धार्मिक स्थलहरुको पहिचान गरी प्रवर्द्धन तथा सम्बर्द्धन गरिनेछ ।
- वडा नं. १ मा अवस्थित दुधपोखरी निर्माण र अन्तरे डाँडा वांगे सल्ला पार्क निर्माण गरी संरक्षणको कार्य अगाडी बढाईनेछ।

**खानेपानी तथा सरसफाई :**

- खानेपानी आयोजनाहरुका मुहानहरुको संरक्षण, सम्वर्द्धनका लागि दिगो संरचना निर्माण तथा उपभोगका लागि खानेपानी उपभोक्ता समिति गठन र समुदाय परिचालन गरिने नीति अवलम्बन गरिनेछ। खानेपानी योजना दिगो

व्यवस्थापनको लागि खानेपानी उपभोक्ता समिति र मर्मत कार्य गर्न आवश्यक क्षमता विकासका कार्यक्रम संचालन गरी औजार उपकरणको व्यवस्था गरिनेछ ।

- पानीको स्रोत र बहावक्षेत्रको ५० मिटर आसपासमा रासायनिक मल, विषादी तथा कुनैपनि प्रदुषण गर्ने कार्यलाई दुरुत्साहन गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्रका घरधुरीहरुमा सुधारिएको प्रणालीको शुद्ध खानेपानीको पहुँच बढाउन र **एक घर एक धारा** सुनिश्चित गर्न संघ, प्रदेश तथा सहयोगी संस्थाहरुसँग थप समन्वय गरिनेछ ।
- नदी, खानेपानीको मुहान, सार्वजनिक कुलो, पोखरी , कुवा धारालगायतका पानीको मुहान सुरक्षित बनाउने अभियान संचालन गरिनेछ । स्थानीय नागरिकको भूमिकालाई अग्रणी बनाउँदै घर, आँगन, टोल, सडक सफा सुन्दर राख्न टोल विकास संस्थालाई नै जिम्मेवार बनाइनेछ ।
- महत्वपुर्ण धार्मिक र पर्यटकीय स्थलहरुमा शौचालय निर्माण अभियान संचालन गरिनेछ ।
- मुख्य बजार, पर्यटकीय स्थल, धार्मिक स्थल, खानेपानी मुहान र बस्तिहरुमा प्रत्येक महिनाको अन्तिम शनिवार सरसफाई अभियान संचालन गरिनेछ ।
- मुहान देखि मुख सम्म शुद्ध खानेपानी उपलब्ध गराउने अभियानमा खानेपानीको गुणस्तर परीक्षण गर्ने कार्यको सुरुवात गरिनेछ ।

**सहकारी, गरिबी न्यूनीकरण तथा उद्यमशिलता विकास**

- सहकारी संस्थाहरुलाई एकीकृत सहकारी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा आवद्ध गरिनेछ ।
- सहकारी संस्थाहरुको अनुगमन, निरीक्षण र नियमन कार्यलाई प्रभावकारी बनाइनेछ ।
- सहकारी संस्थाहरुलाई उत्पादनमुलक क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्दै उद्यमी बनाउन चाहने सहकारी संस्थाहरुलाई प्रवर्द्धन गर्ने नीति लिइनेछ ।
- गरिवी निवारणको लागि लघु उद्यम विकास र सिप विकास कार्यक्रमहरु साझेदारी, सहकार्य र समन्वयमा सञ्चालन गरिनेछ ।
- सिप विकास तालिम लिएका, वैदेशिक रोजगारबाट फर्किएका, बेरोजगार बसेका यूवाहरुलाई उद्यमी कार्यक्रममा आबद्ध गरिनेछ ।

**सामुदायिक एवं गैरसरकारी संघ संस्था परिचालन**

- सामाजिक क्षेत्रलाई गतिशील बनाउन गाउँपालिकाको आवश्यकता र प्राथमिकताको आधार अनुरुप संघ संस्था परिचालनको नीति लिइनेछ ।
- टोल विकास संस्था, खानेपानी तथा सरसफाई उपभोक्ता समिति एवं सामुदायिक संघ संस्थाहरुको दर्ता, सूचिकरण, नियमन एवं अभिलेख व्यवस्थापनलाई अभियानको रुपमा संचालन गरिनेछ ।

**आन्तरिक मामिला तथा कानून तर्फ**

- स्वच्छ, निष्पक्ष तवरले छिटो, छरितो, सरल, सहज रुपमा अन्यायमा परेकालाई न्याय प्रदान गरिने छ ।

- न्यायिक समितिमा आएका उजुरीलाई मेलमिलापको माध्यमद्वारा निरुपण गर्न सामूदायिक मेलमिलाप कर्ताको क्षमता विकास र उचित सेवा सुविधाको व्यवस्था गरिनेछ।
- वादि प्रतिवादीको गोपनियता कायम राख्दै विश्वसनीय न्याय सम्पादन गर्नको लागि मेलमिलाप केन्द्रलाई व्यवस्थित गरिनेछ।
- गाउँपालिका स्तरमा उजुरी प्रशासक र निर्णय कार्यन्वयन अधिकारीको व्यवस्था गरी न्यायिक क्षेत्रलाई स्वच्छ, निष्पक्ष बनाई अन्यायमा परेका व्यक्तिले न्याय पाएको महशुस गराउने तर्फ प्रयत्नशील रहिनेछ।
- गाउँपालिकाको ऐन, कानून, नीति नियमलाई दुरुस्त बनाउनको साथ न्यायिक सम्पादनलाई सहज बनाउन एक जना कानून अधिकृतको व्यवस्था गरिने छ।
- न्यायिक कार्यलाई नियमित, व्यवस्थित तथा प्रभावकारी बनाउन न्यायिक सहजकर्ताको क्षमता विकास कार्यक्रम संचालन गरिनेछ।

**भूमि व्यवस्थापन :**

- जग्गाको बर्गिकरण कार्यलाई सम्पन्न गरी भू- उपयोग नक्सा र तथ्याङ्क व्यवस्थित गरी भू-उपयोग वर्गीकरण योजनालाई उपयुक्त, विधि, प्रकियाका आधारमा क्रमश: कार्यान्वयन गरिनेछ।
- मालपोत तथा भूमिसुधार कार्यालय र नापी कार्यालयसँग समन्वय गरी सार्वजनिक जग्गाको लगत तथा अभिलेख उतार गरिनेछ। सार्वजनिक जग्गा ओगटेर बसेका व्यक्तिहरुको जग्गा फिर्ता ल्याउने प्रक्रिया अगाडी बढाईनेछ।

**सुशासन, संस्थागत क्षमता विकास तथा सार्वजनिक सेवा प्रवाह :**

- सेवा प्रवाह गर्ने गाउँकार्यपालिकाको कार्यालय, वडा कार्यालय र विषयगत शाखाहरुमा आवश्यक स्रोत /साधनको व्यवस्था गरी नविनतम प्रविधिको उपयोग गर्दै सेवा प्रवाह गरी प्रवाह हुने सेवाहरुलाई थप सहज, सरल, पारदर्शी र सेवामुखी बनाउँदै लैजाने नीति लिइनेछ।
- गाउँपालिका तथा अन्तर्गतका कार्यालयमा काम गर्ने जनशक्तिलाई समयानुकूल सक्षम बनाउन क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।
- शैलुङ गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारीता मुल्याँकन गरी क्रमश: सुधार गर्दै लगिनेछ।
- कार्यालयमा तत्काल आवश्यक पर्ने थप जनशक्तिको प्रचलित ऐन, कानूनबमोजिम क्रमश: व्यवस्थापन गरिनेछ। अतिरिक्त समयमा काम गर्ने कर्मचारीहरुको योग्यता, क्षमता र गाउँपालिकाको आवश्यकताका आधारमा अतिरिक्त सुविधाको मापदण्ड तयार गरी सेवा, शर्त र सुविधासम्बन्धी निर्णय लिइनेछ।
- कर्मचारीहरुलाई कार्यस्थलमा उच्च मनोबलका साथ कार्यसम्पादन गर्ने वातावरण सृजना गरिनेछ।
- आर्थिक पारदर्शिता र वित्तीय अनुशासनलाई कडाइका साथ पालना गरि भष्ट्राचार विरुद्ध शून्य सहनशीलताको नीति लिइनेछ।

- नेपाल सरकार र स्थानीय तहका नाममा रहेका सम्पूर्ण जग्गा जमिन, भवन, सवारी साधन लगायतका भौतिक सम्पत्तिको एकीकृत विवरणलाई अभिलेखीकरण गरिनेछ।
- गाउँपालिका प्रमुखसँग प्रमुख प्रशासकीय अधिकृतले, प्रमुख प्रशासकीय अधिकृतसँग शाखा प्रमुखले कार्यसम्पादन सम्झौता गरिनेछ।
- सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण जस्ता सार्वजनिक जवाफदेहिता अभिवृद्धि सम्बन्धी औजारहरुको अभ्यासलाई प्राथमिकता दिइनेछ।
- आवाधिक योजना तथा बजेट बीच तालमेल कायम गराउन मध्यकालीन खर्च संरचना (MTEF) निर्माण कार्य अगाडी बढाइनेछ।
- कर्मचारी तथा जनप्रतिनिधिको क्षमता विकासको लागि कार्यक्रम तथा बजेटको व्यवस्था गरिनेछ ।
- कार्यालयबाट प्रवाह हुने सेवालाई प्रविधि मैत्री तथा डिजिटाइज गर्दै लगिनेछ।
- शैलुङ हस्पिटलबाट प्रवाह हुने सेवालाई सफ्टवेयर प्रणालीमा आवद्ध गरी संचालन गरिनेछ।
- शैलुङ गाउँपालिकाको पूर्वाधार विकास शाखा र योजना तथा अनुगमन शाखाबाट हुने कामलाई छिटो छरितो र विश्वासनिय बनाउन सफ्टवेयरको प्रयोगमा जोड दिइनेछ ।
- डिजिटल हाजिरीलाई गाउँपालिका अन्तर्गतका सम्पूर्ण सरकारी संस्थाहरुमा विस्तार गरिनेछ।
- सार्वजनिक खरिद प्रक्रियालाई थप व्यवस्थि गर्न बार्षिक खरिद योजना निर्माण गरी विश्वसनीय तथा पारदर्शी बनाउदै लगिनेछ।
- राजश्व सुधारको लागि कर प्रवर्द्धन कार्यक्रम संचालन गरी घुम्ती सेवा मार्फत सेवा प्रबाह गरिनेछ।
- उपभोक्ता समितिलाई अभिमुखीकरण कार्यक्रम गर्न र योजना सम्झौताको लागि योजना बद्ध तरिकाले घुम्ती शिविर संचालन कार्यलाई निरन्तरता दिइनेछ।
- गाउँपालिका तथा वडाका तथ्यांकलाई थप व्यवस्थित गर्दै लगिनेछ।
- व्यक्तिगत घटना दर्ता(जन्म दर्ता) ३५ दिन भित्रै होस् र आमा र बच्चाको पोषणको अवस्था राम्रो होस् भनि “ बच्चा काखमा, पोषण सामग्री हातमा, जन्म दर्ता साथमा” कार्यक्रम संचालन गरिनेछ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको दोहोरो भुक्तानी नहोस भनि एकिन गर्न Biometric Verification र राष्ट्रिय परिचयपत्रलाई अनिवार्य गर्दै आवश्यक उपकरणको व्यवस्था गरिनेछ ।
- बजार अनुगमन कार्यलाई प्रभावकारी ढङ्गबाट संचालन गरिनेछ।
- सरकारी सेवा आयोग तयारी कक्षा संचालन कार्यक्रम संचालन गरिनेछ।

**वित्तीय व्यवस्थापन :**

- नेपालको संविधानको अनुसूची- ८ अन्तर्गतका स्थानीय तहको अधिकार क्षेत्रअन्तर्गतका करका दरहरुलाई समयानुकुल परिवर्तन गरी सबै करदाताहरुलाई करको दायराभित्र ल्याउन गाउँपालिका उद्योग वाणिज्य संघ सँग समन्वय र सहकार्य गरी व्यवसाय दर्ता/ नविकरण अभियान संचालन गरिनेछ।

- स्थानीय कर, शूल्क जरिवानाजस्ता राजश्वका स्रोतलाई सूचना प्रविधिको माध्यमबाट पारदर्शी तथा जवाफदेहीपूर्ण बनाइनेछ।
- आन्तरिक आय वृद्धिका लागि गैर कर आम्दानीको पहिचान नभएका क्षेत्रहरुको खोजी गरी राजस्वका दायरा बढाउने अभियान सञ्चालन गरिनेछ।
- कर तिर्न प्रोत्साहनको लागि जनप्रतिनिधिहरुले समेत आफुले बुझाउनुपर्ने नियमानुसारको कर पहिलो त्रैमासिक अवधिमभित्रै बुझाउने नीति अवलम्बन गरिनेछ।
- बेरुजु फछयौटलाई प्राथमिकतामा राखी बेरुजु नियमित गरिनेछ।
- गाउँपालिकाको महत्वपुर्ण पर्यटकीय स्थल “शैलुङ ग्रेटवाल” हुदैं शैलुङ भ्रमणमा जाने बाह्य पर्यटकहरुलाई ग्रेटवाल सरसफाई तथा व्यवस्थापन  शुल्क लिन सुरुवात गरिनेछ।

**कृषि तथा पशुपंक्षी विकास**

- सामुदायिक होम ष्टे प्रवर्द्धनका लागि कार्यक्रम संचालन गरिनेछ।
- शैलुङ गाउँपालिकाको वडा न.३ मा अवस्थित शैलुङ कोल्ड स्टोर संचालनमा ल्याईनेछ।
- स्थानीय कृषि उत्पादनको प्रबर्द्वनका लागि आवश्यक कृषि सामाग्रीको उचित व्यवस्थापन गरिनेछ।
- रैथाने बाली/तरकारी/ फलफूल एवं बिउविजनको संरक्षण, प्रवर्द्धन र प्रयोग गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्न प्रोत्साहन गरिनेछ साथै उत्पादित कृषि वस्तुको प्रर्दशन गर्ने व्यवस्था मिलाइनेछ।
- "एक घर एक करेसाबारी, पकेट क्षेत्रमा व्यवसायिक तरकारी" नारा सहित तरकारी पकेट क्षेत्रमा उत्पादन वृद्धिका लागि सहुलियत कार्यक्रम सञ्चालन गरिनेछ।
- कृषकहरुलाई कृषि औजार तथा प्रविधिमा अनुदान मार्फत प्रोत्साहन गरिनेछ।
- व्यवसायिक तथा बेमौसमी तरकारी खेतीका लागि टनेल खेती प्रणालीलाई व्यवस्थित एवं सहजीकरण गरिनेछ।
- निशुल्क पशु विमालाई निरन्तरता दिदै  कृषि विमालाई प्रोत्साहान गरिनेछ।
- पशुपंक्षीको प्राथमिक उपचार, परजीवि नियन्त्रण र आकस्मिक उपचार सेवा प्रदान गरी पशुहरुमा लाग्ने महामारीविरुद्ध निशुल्क खोप कार्यलाई निरन्तरता दिइनेछ।
- सामुदायिक कुकुर वन्ध्याकरण तथा रेविजविरुद्ध खोप कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- दुध उत्पादन गर्ने कृषकहरुलाई दुध उत्पादन वृद्धि तथा बजारीकरणमा आवश्यक सहयोगका साथै घाँसे वाली लगाउन प्रोत्साहन गरिनेछ।
- वितरण मुखि नभई पशुपन्छी विकासको आधार निर्माणको लागि उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन गरिनेछ।
- एक वडा एक पशुपन्छी कार्यक्रमको नीति लिई पशुपन्छीको पकेट क्षेत्र छनौट गरी कार्यक्रमलाई संचालन गरिनेछ।

- युवाहरुको आय आर्जनको प्रमुख स्रोतको रुपमा व्यवसायिक कृषि तथा पशुपन्छी पालन कार्यक्रम संचालन गरी रोजगारी सृजना गराइनेछ ।
- शैलुङ गाउँपालिकाको प्रत्येक कृषकहरुलाई प्रत्येक्ष रुपमा गाँउ गाँउमा **शैलुङ सरकार**को अनुभुती गराउन पालिकाको प्रत्येक वडाबाट प्राविधिक सेवा विस्तार गर्ने तथा सबै वडामा पशुपन्छिको स्वास्थ्य परिक्षण, निशुल्क औषधी वितरण, वन्ध्याकरण तथा उपचार सेवाका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।
- शैलुङ गाउँपालिकाका सबै वडाहरुमा तालिम सञ्चालन गरी कृषकहरुलाई दक्ष बनाइनेछ ।
- गाउँपालिकालाई दुध ,मासु तथा अन्डा उत्पादनमा आत्मनिर्भर बनाउदै  व्यवसायीक बनाउदै लगिनेछ ।
- पशुपन्छीको उत्पादन तथा स्वास्थ्य परिक्षणको लागि पशु स्वास्थ्य सिबिर संचालन गरिने छकृषिमा युवाहरुको आर्कषणलाई वृद्धि गर्ने हेतुले मागमा आधारित कार्यक्रम सञ्चालन गरी नविनतम योजनाहरुलाई बढीमा १ लाख सम्मको लागत साझेदारी उपलब्ध गराउने ।
- किवि, लिची तथा विभिन्न सुन्तला जन्य फलफुलहरुमा आत्मनिर्भर पालिका निर्माणको लागी हरेक वडाहरुमा फलफुल बगैचा स्थापनाको लागी लागत साझेदारी कार्यक्रम संचालन गरिनेछ ।
- शैलुङ गाउँपालिकामा उत्पादन हुने आलु, गुन्द्रुक, सुन्तला किवी, आरु, नासपाती,एभोगाड़ो, खुर्पानी लगायतका तरकारी तथा फलफुलहरुलाई ग्रेडीङ, प्याकेजिङ, प्रशोधन, ब्राण्डीङ  तथा बजारिकरण गरिनेछ ।
- कृषकहरुको जिवनस्तर उकास्ने सम्भावना बोकेको तरकारी उत्पादन कार्यक्रम प्रोत्साहनको लागी लागत साझेदारीमा तरकारी बीउ उपलब्ध गराइनेछ  ।
- थोपा सिचाँई कार्यक्रम लागत साझेदारीमा सञ्चालन गरिनेछ  ।
- विभिन्न वडाहरुमा मौरीको सम्भाव्यता अध्धयन गरी मौरी घारहरु लागत साझेदारीमा वितरण गरिनेछ ।
- शैलुङ गाउँपालिकालाई आलु बीउमा आत्मनिर्भर बनाउने उदेश्यका साथ यस आर्थीक वर्षमा बीउ उत्पादन कार्यक्रम गरिनेछ साथै मकैको बीउ उत्पादन कार्यक्रम गरिनेछ ।
- बिभिन्न जातहरु लोपहुदै गरेको अवस्थामा यस्को संरक्षण तथा प्रोत्शाहन गर्नको निमित्त रैथाने बाली संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।
- मौसमी तथा बेमौसमी तरकारी उत्पादनको लागी प्लाष्टिक टनेल निर्माणको लागी अनुदानमा वितरण गरिनेछ ।
- कृषि व्यवसायीकरण, यान्त्रिकरण गर्ने उदेश्य वडाहरुमा लागत साझेदारीमा वितरण गरिनेछ ।
- विभिन्न बालीहरुमा लाग्ने किरा तथा रोग नियन्त्रणको लागी आवश्यक विषादीहरु खरिद गरी वडा प्राविधिक माफर्त वितरण गरिनेछ ।
- किसानहरुको उत्पादन प्रोत्साहनको लागी कृषि पशु तथा उद्दम मेला २०८१ सञ्चालन गरिनेछ र उत्कृष्ट कृषकलाई सम्मान गरिनेछ ।
- फलफुलजन्य बस्तुबाट जुस जन्य पिय पदार्थ बनाउन प्रोत्साहन गरिनेछ ।

- प्रधानमन्त्री रोजगार कार्यक्रम संगको सहकार्यमा बाझो जग्गामा कृषि खेति गरी उपयोग गर्ने कार्यक्रम संचालन गरिनेछ ।
- पढ्दै सिक्दै, सिक्दै कमाउदै कार्यक्रम संचालनको नीति लिइनेछ ।

**श्रम तथा रोजगार तर्फ**

- गाउँपालिकाको दोस्रो पन्च वर्षीय आवधिक योजना संग तादम्यता मिल्ने गरी गाउँपालिकाको प्रथम पन्च वर्षीय रोजगार रणनीति(२०८१/०८२ देखि २०८५/०८६ सम्म) तर्जुमा गरिनेछ ।
- आ.व. २०८०/०८१ मा गठन भएको रोजगार संबाद मंचलाई प्रभावकारी रुपमा परिचालन गरिनेछ ।
- श्रम तथा श्रमिकको मर्यादा अभिवृद्धि तथा आन्तरिक रोजगार प्रवर्द्धन गर्न श्रमको सम्मान, राष्ट्रको अभियान सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- वेरोजगार सूचीमा सूचिकृत भएका वेरोजगार व्यक्तिहरुलाई कार्यस्थलमा आधारित सिप तथा क्षमता विकास तालिम र जीवन उपयोगी सिप तालिम संचालन गरिनेछ ।
- वेरोजगार व्यक्तिहरुको सुरक्षा र कार्य संग सम्बन्धित आवश्यक सामग्रीहरु खरिद गरिनेछ ।
- बेरोजगार सुचीमा सुचिकृत व्यक्तिहरुलाई न्युनतम रोजगारी दिन रोजगार आयोजना संचालन गरिनेछ ।

**वन वातावरण तथा विपद व्यवस्थापन**

**विपद व्यवस्थापन**

- विपद व्यवस्थापनलाई प्रभावकारी बनाउन स्थानीय विपद व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयनमा लगिनेछ ।
- प्रकोपहरुको रोकथाम तथा न्यूनिकरणका लागि पूर्व तयारी, प्रतिकार्य र पुर्नलाभका कार्यक्रम संचालन गर्न स्थानीय विपद व्यवस्थापन कोषमा आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- ठूला पूर्वाधार आयोजनाहरु संचालन गर्दा विपद जोखिम संवेदनशिलतालाई केन्द्रविन्दुमा राखी कार्यान्वयन गर्न सघाउ पुग्ने गरि डिजाइन तथा इस्टिमेट गर्ने व्यवस्था गरिनेछ ।
- सम्पूर्ण वडा तथा भूभागलाई समेट्नेगरी एम्बुलेन्स सेवा उपलब्ध गराइनेछ ।
- मनसुनजन्य विपदबाट पिडित जनसमुदायलाई तत्काल राहत उपलब्ध गराइनेछ साथै विस्तापित जनसमुदायलाई सुरक्षित स्थानमा उचित व्यवस्थापन गरिनेछ ।
- कृषि तथा पशुपन्छीमा महामारीको रुपमा लाग्ने रोगको पहिचान गरी तत्काल रोगथामका उपायहरु अवलम्बन गरिनेछ ।

वन तथा वातावरण संरक्षण

- गाउँपालिका क्षेत्र भित्रका खाली तथा पर्ति जग्गाहरुमा वृक्षारोपण गरिनेछ ।

- गाँउपालिकाभित्र रहेका विभिन्न प्राकृतिक श्रोतको पहिचान गरी यसको संरक्षण, सम्बर्द्धन र सदुपयोगको लागि सरोकारवालाहरुसंग समन्वय तथा सहकार्य गरिनेछ।
- शैलुङ गाँउपालिकालाई "प्लाष्टिक मुक्त शैलुङ गाँउपालिका" निर्माणको लागि बहस छलफल गरी थालनी गरिनेछ।
- वातावरण संरक्षण र जलवायु परिवर्तनका असरहरु सम्बन्धमा जनचेतना मूलक कार्यक्रमहरु संचालन गरिनेछ।
- जलवायु परिवर्तन संग अनुकूलित हुने गरी विकास कार्यक्रमहरु संचालन गरिनेछ।
- शहरीकरणको विस्तार सँगै बढने फोहरमैलाको चुनौतिलाई सामना गर्न फोहरमैला व्यवस्थापन केन्द्र निर्माणका लागि जग्गाको खोजी गरिनेछ।
- स्थानीय खोला नाला तथा नदी तथा खोल्साहरुबाट हुने कटान नियन्त्रण गर्न तटबन्ध निर्माणका लागि तालुक निकायमा पहल गरिनेछ। साथै खोला किनारा सफाईको अभियान थालानी गरिनेछ।
- पहिरो नियन्त्रणको लागि आवश्यकताअनुसार गाँउपालिकाले बजेट व्यबस्थापन गरी कार्य गर्नेछ। साथै सडक तथा पूर्वाधारको निर्माण गर्दा सम्भाव्य पहिरो जोखिमको अवस्था मुल्याङ्कन गरेर मात्र योजना सञ्चालन गरिनेछ।

**प्राकृतिक श्रोत साधन तथा मानवीय संशाधन:**

- गाँउपालिका भित्रको प्राकृतिक श्रोत साधन (ढुङ्गा, गिटी,धातुजन्य खानी) को पहिचान, खोज कार्य तथा प्रयोगको लागि आवश्यक नीति अबलम्बन गरिनेछ।
- शैलुङ गाउँपालिका १ नं. वडा अन्तर्गत रहेका ढुङ्गाहरुको खोज तथा उत्खनन गर्ने कार्य अगाडी बढाइनेछ।
- शैलुङ गाँउपालिका स्थायी ठेगाना भई गाँउपालिका भित्र, अन्य स्थान तथा प्रवासमा रहेका बुद्धीजिवी,विज्ञ,अनुभवी तथा क्षमतावान व्यक्तित्वहरुको प्रोफाइल निर्माण गरी शैलुङ गाँउपालिकाको समग्र विकासमा प्रयोग तथा परिचालन गरिनेछ।

**गाउँसभाका सदस्यज्यूहरु**

यस गरिमामय गाउँसभामा प्रस्तुत गरिएको प्रस्तावित नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट गाउँवासीका आधारभूत आवश्यकताहरु परिपूर्ति गरी जीवनस्तरमा गुणात्मक सुधारहुँदै जाने, उपलब्ध स्रोतसाधनको अत्युत्तम उपयोगबाट आर्थिक उन्नतिमा टेवा पुग्ने र विकासको मूलप्रवाहमा सबै वर्ग क्षेत्र, समूह, समुदायहरु समाहित भई समावेशिताको प्रवर्द्धन मार्फत स्थानीय लोकतन्त्र सुदृढ हुने विश्वास लिएको छु।

उल्लेखित नीति तथा कार्यक्रम गाउँपालिकाको एक्लो प्रयासबाट मात्र कार्यान्वयन गर्न सम्भव हुने छैन।यसका लागि संघ तथा प्रदेश सरकार, राजनीतिक दल, उद्योगी, व्यवसायी, सरकारी, गैरसरकारी क्षेत्र , संघसंस्था , टोल विकास संस्था,

निजी क्षेत्र, पेशाकर्मी, संचारकर्मी लगायत गाउँवासी आमा बुबा दिदी बिहिनी दाजुभाइको सक्रिय सथ र सहयोग रहने विश्वास लिएको छु ।

अन्तमा शैलुङ गाउँपालिकाको समग्र विकासमा महत्वपूर्ण योगदान गर्नुहुने जनप्रतिनिधि, राजनीतिक दल, सामुदायिक क्षेत्र, नागरिक समाज एवं गाउँसभा सम्पन्न गराउन अहोरात्र खटनुहुने कर्मचारीरहरु लगायत सम्मपूर्णमा हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

धन्यवाद ।